# ७ मत्ती २४ र २५

*<u>यस अध्यायका मूल पदहरू</u>*: मत्ती २४:१-२५, प्रकाश १३:११-१७, मत्ती ७:२४-२७, लूका २१:२०, र मत्ती २५:१-३०।

*<u>यस अध्यायको मूल सार पद</u>*: **"धेरै नक्क़ली मसीह (उद्धारकर्ता वा भगवान) भनाउँदाहरू र मानिसहरूलाई बहकाउन भविष्यवाणी गर्ने धेरै झुटा भविष्यवक्ताहरू देखा पर्नेछन्। मानिसहरूलाई धोका दिन वा परमेश्वरमाथिको विश्वासलाई ध्वस्त पार्ने तिनीहरूले अचम्मका चिन्हहरू र अलौकिक वा असाधारण कामहरू गर्नेछन्। सकेसम्म परमेश्वरले चुन्नुभएको जनहरूलाई पनि झुक्याउन तिनीहरूले प्रयास गर्नेछन्" (मत्ती २४:२४ रूपान्तरित)।**

संसारको अन्तमा हुने घट्नाहरू र ती घट्नाहरूको सामना गर्न हामी कसरी तयार हुने भनेर येशूले मत्ती २४ र २५मा अत्यन्तै महत्त्वपूर्ण सत्यहरू स्पष्टरूपमा खुलाउनुभएको छ। फेरि त्यसै वखत उहाँले तुरन्त हुने घट्नालाई पनि देख्नुभएको पाउँदछौं। त्यो थियो आउनेवाला यरुशलेमको पूर्णरूपमा विनास। निकट भविष्यमा नै उहाँका जनहरू अर्थात् इस्रायलीहरूले सामना गर्नुपर्ने महान् बिपदको बियोग पनि उहाँले छर्लङ्ग देख्नुभएको थियो।

तर येशूले आफ्ना चेलाहरूलाई दिनुभएको वचनहरू केवल तिनीहरूलाई मात्र नभएर उहाँका चेलाहरूले सुसमाचार प्रचार गर्दा उहाँमाथि विश्वास गर्ने पछिका पीढीहरूले भोग्नुपर्ने समस्याहरूलाई पनि उहाँले सम्बोधन गर्नुभएको थियो। बिशेष गरेर उहाँको दोस्रो आगमनको ठिक अघि बाँचिरहने उहाँका विश्वासीहरूले अनुभव गर्नुपर्ने अनेक काण्डहरूलाई उहाँले प्रकट गर्नुभएको थियो। युगको अन्तमा हुने घट्नाहरूको चित्रण रमाइलो देखिँदैन। युद्ध तथा युद्धका आतङ्कहरू, लडाईं, होहल्लाहरू, अनेकौं रोगव्याधी र महामारीहरू, मुकुण्डोधारी ख्रीष्ट तथा संसारको उद्धारकर्ता भनेर आउने धोकेवाज भगवान भनाउँदाहरू र येशूका भक्तहरूलाई आतङ्कित पार्ने सतावटहरू आउनेछन् भनेर उहाँले भविष्यवाणी गर्नुभएको थियो। उहाँका चर्च र संसारका मानिसहरूलाई आतङ्कित पार्ने गतिविधिहरू प्रसस्तमात्रामा बढ्नेछन् भनेर सचेत गराउन भएको थियो। जब बिगतको समय र बर्तमान समयलाई हेर्दा उहाँले गर्नुभएको भविष्यवाणीहरू अचम्म तरिकाले पूरा

भइरहेको हामी पाउँछौं। त्यसकारण पछिका भविष्यवाणीहरू पनि पूरा हुनेछन् भन्ने कुरामा हामी विश्वास गर्दछौं।

तर संसारको अन्तमा के के हुन्छ भनेरमात्र उहाँले हामीलाई सचेत गराउनुभएको छैन। मत्ती २५मा एक अर्तीकथा छ जसलाई उहाँका विश्वासीहरूले आत्मसात् गरेमा उहाँ फर्किआउनुहुने समयमा तिनीहरूले कसरी तयार भएर बस्नु पर्ने हो सो बुझ्नेछन। हो, कठिन समय आउनेछ, तर जब उहाँ फर्केर आउनुहुन्छ तब उहाँलाई भेट्न उहाँको निष्ठामा रहने मानिसहरूलाई उहाँले तयार पार्नुहुनेछ।

## १. भविष्यवाणी प्रभावकारीरूपमा सत्यसावित भएको

आफू क्रुसमा टाँगिने समयको अन्तिम दिनहरूमा येशू जैतुनको डाँडामा चेलाहरूसँग जानुभएको थियो। त्यसबेला यरुशलेमको भव्य मन्दिर हेरेर भविष्यमा हुने त्यसको गतिको बारेमा चेलाहरूसँग छलफल गर्नुभएको थियो। जब त्यो मन्दिर ध्वस्त हुनेछ भनेर येशूले भविष्यवाणी गर्नुभयो तब चेलाहरूको दिमागमा कस्तो खलबली मचियो होला? तर जुन प्रश्नहरू चेलाहरूले येशूसँग गरे ती प्रश्नहरू केवल मन्दिरको ध्वस्ततासँगमात्र सम्बन्धित नभएर संसार वा युगको अन्तमा हुने घट्नासँग पनि सम्बन्धित थियो | (मत्ती २४ः३ "३ येशू जैतून डाँड़ामा बस्नुहुँदा चेलाहरू एकान्तमा उहाँकहाँ आएर सोधे, "हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्, र तपाईंको आगमन र यस युगका अन्त्यको चिन्ह के हुनेछ? ")

**मत्ती २४ः१-२५लाई सरसर्ती हेर्दा यस संसारको अन्तमा वा युगको अन्तमा कस्ता कस्ता घट्नाक्रमहरू चर्किनेछन् भनेर येशूले उहाँका चेलाहरूलाई बताउनुभएको थियो। हेर्नुहोस् ती के-के हुन्? "१ त्यसपछि येशू मन्दिरबाट निस्केर जान लाग्नुहुँदा उहाँका चेलाहरू उहाँलाई मन्दिरका भवनहरू देखाउन भनी उहाँको नजिक आए। २ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले यी सब देख्छौ, होइन त? साँच्चै, म तिमीहरूलाई भन्छु, "एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, प्रत्येक भत्काएर फालिनेछ।" ३ येशू जैतून डाँड़ामा बस्नुहुँदा चेलाहरू एकान्तमा उहाँकहाँ आएर सोधे, "हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्, र तपाईंको आगमन र यस युगका अन्त्यको चिन्ह के हुनेछ? " ४ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होसियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ५ किनभने धेरै जना मेरो नाउँमा "म ख्रीष्ट हुँ" भन्दै आउनेछन्, र**

धेरैलाई बहकाउनेछन्। ६ तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन। ७ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। ८ तर यी सब त प्रसववेदनाको शुरु मात्र हो। ९ तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। १० तब धेरै जना भड्केर जानेछन्, र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ। ११ धेरै झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्। १२ दुष्टता बढ़ेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ। १३ तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ। १४ अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ। १५ यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले बुझोस्), १६ तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्। १७ कौसीमा हुनेहरू आफ्ना घरमा भएका सामान निकाल्नलाई तल नझरून्। १८ खेतबारीमा हुने आफ्नो खास्टो लिन फर्की नआऊन्। १९ हाय! गर्भवतीहरू र दूध खुवाउनेहरूलाई ती दिनमा। २० तर हिउँदमा वा शबाथमा तिमीहरू भाग्न नपरोस् भनी प्रार्थना गर। २१ किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्को शुरुदेखि अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ। २२ ती दिन नघटाइएका भए कोही मानिस बाँच्न सक्नेथिएन, तर चुनिएकाहरूका निम्ति ती दिन घटाइनेछन्। २३ तब तिमीहरूलाई कसैले " हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्" भन्यो भने विश्वास नगर। २४ किनकि झूटा ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। २५ याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु।"

उपर्युक्त पदहरूमा संसारको अन्तमा हुने धेरै घट्नाहरूलाई येशूले औँल्याउनुभएको थियो। ती घट्नहरूप्रति येशू संबेदनशील पनि हुनुभएको थियो। तर युगौं युगसम्म र संसारको अन्तसम्ममा भइरहने अनेकौं धोखापूर्ण कामहरूले उहाँका विश्वासीहरूलाई अलमल र बिचल्लीमा पार्ने मामिलामा उहाँले गहिरो चासो देखाउनुभएको थियो। ती धोकेवाज क्रियाकलापहरूमा धेरै

मैहुँ भन्ने छली सिद्ध वा ख्रीष्ट र झुटा भविष्यवाणी बोल्नेले संसारका मानिसहरूलाई फसाउनेछन् भनेर उहाँले भन्नुभएको थियो। कोहीले त येशूले भन्नुभएको ख्रीष्ट आफू नै हुँ भनेर दावी गर्नेछन् भने कोही ख्रीष्टका दूत हुँ भनेर दावी गर्दै अचम्मका कामहरू गर्दै आउनेछन्। कतिपय झुटा भविष्यवक्ताहरूले मानिसहरूलाई लठ्ठ पार्नेछन्। त्यसको भयानक परिणामचाहिँ यो हो कि धेरै मानिसहरूले तिनीहरू नै भगवान हुन् भनेर विश्वास गर्दै तिनीहरूको पछि लाग्नेछन्।

येशूले भन्नुभएको वचन भविष्यमामात्र नभएर इतिहासभरि त्यो वचन प्रभावकारीरूपमा पुष्टिभइरहेको हामी पाउँछौं। आज पनि कतिपय मानिसहरू "म ख्रीष्ट हुँ। म संसारको उद्धारकर्ता हुँ। म नै मसीह हुँ। यस संसारको राजनैतिक, सामाजिक, धार्मिक, आर्थिक समस्याहरू सुल्झाउने तरिका, शक्ति र विद्या ममा छ" भनेर अनगिन्ति मानिसहरूलाई फसाइरहेका छन्। येशूको भविष्यवाणी अचम्म तरिकाले पूरा भइरहेको अबस्थालाई हामीले के भन्ने? येशू ख्रीष्ट रहनुभएको समयका मानिसहरूले उहाँका अनेकौं भविष्यवाणीहरू पूरा भएको नदेखेतापनि हामीले विगतका इतिहास र वर्तमानका घटनाहरुलाई केलायौ भने ती भविष्यवाणीहरू सही भएको पाउँदछौं। जब सङ्कटको समय बढ्दै जान्छ तब मानिसहरूलाई फसाएर धोखादिने कामहरू झनझन बढ्नेछन् भन्ने कुरालाई येशूका भक्तहरूले अचम्म मान्नु हुदैन।हाम्रो विश्वासलाई नै ठम्याउन संसारको गतिबिधिको वारेमा येशूले के भन्नुभएको थियो सो पनि हेर्नसक्दछौं। येशूको समयदेखि आजसम्म संसारको इतिहासमा कस्ता कस्ता बीर पुरूष भनाउँदा मानिसहरू आए, जसले मानव दुःख र कष्टलाई अन्त्य गरिदिनेछु भनेर दावी गरेका थिए र दावी गरिरहेका पनि छन्। विभिन्न राजनैतिक वाद,अभियान, तथा प्राविधिक र वैज्ञानिक प्रगतिहरु, चाहे अनेकौं दर्शनद्वारा होस् वा धर्महरूद्वारा, बिभिन्न आशा र सपना देखाए र देखाइरहेका छन्| अनि कैयौ मानिसहरुले तिनीहरूप्रति ठूलो आशा र विश्वास पनि राखे र राखिरहेका पनि छन्, जसले आदर्श संसारको सपना देखाएका थिए र देखाइ पनि रहेका छन्।तर **ती सबै** झुटा आश्वासन र मानिसहरूको बदनियतमात्र थिए र हुन् भन्ने कुरा हामीलाई दुःखलाग्दो इतिहासले प्रमाणित गरेको छ र गर्दै पनि छ। येशूले जे भन्नुभएको थियो त्यही कुरा र संसार आज हामीले देखिरहेका छौ।मानिसहरूले दिने अनेकौं तर्क, वाद, आश्वासन र आशाहरू

कतिको छलि र पूरा नहुने खालका थिए र छन् भन्ने कुरा करिब दुई हजारवर्ष अघि नै येशूले देखाउनुभएको थियो।

**येशूले मत्ती २४:२५मा आफ्ना भक्तहरूलाई दिनुभएको चेतावनीले हाम्रो विश्वास कसरी अटल हुनुपर्छ भनेर देखाइएको कुरालाई तपाईं के भन्नुहुन्छ? हेर्नुहोस्: "याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु।"**

## २. संसारको अन्तसम्म नै धैर्यधारण गरेर टिकिरहने

**मत्ती २४:९ र प्रकाश १३:११-१७मा त्यस्तै पदहरू छन्। येशूले मत्तीमा भन्नुभएको वचन जस्तै यूहन्नाले पनि प्रकाशको पुस्तकमा लेख्न कसरी उनलाई प्रेरणा मिल्यो? हेर्नुहोस्: मत्ती २४:९मा उहाँका तत्कालीन र भावी चेलाहरूलाई येशूले भन्नुहुन्छ "तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्।" र प्रकाश १३:११-१८ "११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सिङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। १५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्। १६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो। १८ बुद्धिमत्ता यसैमा छः जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छयसट्ठी हो।"**

अन्तको समयमा विश्वका विभिन्न देशहरूमा सत्य विश्वासमा रहने तर झुटा आराधना र लादिने विश्वव्यापी छलको प्रतिकार गर्ने **उहाँका** जनहरूप्रति येशू ख्रीष्टले आफ्नो चिन्ता प्रकट गर्नुभएको थियो। सनातन परमेश्वर सृष्टिकर्ताकोमात्र आराधना गर्न अडिक भएर बस्नेले अनेकौं घृणा, महासङ्कट, पीडा, आतङ्क र मृत्युको पनि सामना गर्नुपर्नेछ भनेर येशूले स्पष्टरूपमा खुलाउनुभएको छ।

**सारा संसार  हाम्रो विरुद्धमा खडा भएतापनि यदि हामी मुक्ति पाउन चाहन्छौं वा येशूको राज्यमा पस्न चाहन्छौं भने वा विश्वासमा अडिग भएर बस्न चाहन्छौं भने हामीमा केवल एउटा निर्णायक चरित्र हुनुपर्दछ? हेर्नुहोस्: "तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ।" मत्ती २४:१३।**

"**परमेश्वरका** जनहरूप्रति शैतानले ल्याउने ठूलो द्वन्द वा सङ्घर्षको विरोधमा अरू कोही होइन तर केवल बाइबलका सत्य वचनहरूलाई दिमागमा घुसाएर राख्नेहरूमात्र कम्मर कसेर बस्न सक्षम हुनेछन्।"-एलेन जी ह्वाइट, *महान् विवाद,* पृ. ५९३बाट रूपान्तरित। यस वाक्यको अर्थ यो हो कि बाइबल र बाइबलमात्रमा रहेका सत्यहरू दिमागमा सुरक्षाकवच जस्तो राखि रहयौ भने अन्तमा हुने अनेकौं जाली, छलकपट, बिपद् आदिले विश्वासीलाई बगाएर लान सक्दैन। येशूलाई विश्वास गर्छु भनेर केवल भावना वा जोशमात्र देखाएर हुँदैन। यदि बाइबलका सत्यहरूले कोही सुसज्जित भएर बसेन भने संसारको अन्तमा देखिने वा आउने अनेकौं प्रलोभन, छल वा दुःखले उसलाई सजिलैसँग नियन्त्रणमा राख्न सक्छ।

**परमेश्वरप्रति आस्थावान्, निष्ठावान् भएर बस्न अरू के-कस्ता निर्णाय गर्ने क्षमता हामीमा हुनुपर्छ? हेर्नुहोस्, मत्ती ७:२४-२७ "२४ किनकि झूटा ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। २५ याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु। २६ यदि तिनीहरूले तिमीहरूलाई "हेर, उनी उजाड-स्थानमा छन्" भनी भन्छन् भने बाहिर निस्केर नजाओ। अनि "हेर, उनी भित्री कोठाहरूमा छन्" भने पनि विश्वास नगर। २७ किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ।"**

बौद्धिक स्तरमा परमेश्वरको वचन हाम्रो दिमागमा ताजा बनाइराख्नु महत्त्वपूर्ण भएतापनि अन्तिम समयमा आउने बिपद्लाई सामना गर्न त्यतिलेमात्र

पुग्दैन भनेर येशूले भन्नु भएको छ। हामीले जे सिक्यौं त्यस अनुसार चल्नु अत्यन्त जरुरी छ अर्थात् येशूमा भएका सत्यहरूलाई हामीले पालन गर्नु अनिवार्य छ। चट्टानमा र बालुवामा घर बनाउने घर धनीहरू दुवैले येशूका वचनहरू सुनेका थिए। तर तिनीहरूको बीचमा के फरक थियो भने एक जनाले उहाँको वचनलाई पालन गरेर अडिग भएर बसे भने अर्कोले वेवास्ता गरे।

**परमेश्वरको वचन पालन गर्ने विश्वासीहरू जुनसुकै कठिन परिस्थिति आएपनि किन विश्वासमा अटल भएर बस्छन् र पालन नगर्ने किन सजिलैसँग पतन हुनसक्छन्? विश्वासमा स्थिर भएर बस्न परमेश्वरको वचन सुन्नेमात्र होइन पालन गर्नु पनि किन महत्वपूर्ण छ?**

## ३. "विनाशकारी घृणित थोक"

प्रभु येशूले चेलाहरूलाई दिनुभएको अन्तिम समयमा हुने घट्नाको बारेमा जानकारी दिंदै आफ्नो महत्त्वपूर्ण प्रवचनमा पवित्र स्थानमा विनाशकारी घृणित थोकहरूको वारेमा भन्नुभएको थियो ।(मत्ती २४:१५, दानियल ९:२७, ११:३१ र १२:११)।

जब उहाँको व्यवस्थालाई मानिसहरूले गम्भीर रूपमा अपमान वा उल्लङ्घन गर्दछन् तब त्यो लज्जास्पद वा घृणित काम हो भनेर परमेश्वरले घोषणा गर्नुहुन्छ। आफूले नै खोपेर मूर्ति बनाएर प्रभु हो भनेर पूजा गर्ने, (व्यवस्था २७:१५) आफ्नो धर्मपत्नी बाहेक परस्त्रीसँग अनैतिक सम्बन्ध राखने, समलिङ्गी बिबाह वा सम्बन्ध  परमेश्वरको सामु घृणित हुन्छ (लेबी १८:२०,२२)|अर्थात् परमेश्वरले जारी गर्नुभएको धार्मिक नीतिको बिरुद्धमा जानु भनेको उहाँको सामु अत्यन्त बिनाशकारी घृणित काम हो। यो खास गरेर परमेश्वरको धार्मिक विधिबाट अलगिएर उहाँले अनुमोदन नगर्नुभएको अपरिचित धर्म वा आस्थामा लाग्नु उहाँको निम्ति बिनाशकारी घृणित काम हुन आउछ।

**"बिनाशकारी घृणित काम" भनेर अझ राम्रोसँग बुझ्न देहायका पदहरूले कसरी जनाउँछन्? हेर्नुहोस्ः मत्ती २४:१५ "यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले बुझोस्) " र लूका २१:२० "तर जब यरूशलेमलाई सेनाहरूले घेरेका देख्छौ, तब त्यसको विनाश नजिकै आइपुगेको छ भन्ने जान।"**

ती दुई पदहरूले स्पष्टरूपमा यो बताउँछ कि येशूले भविष्यवाणी गर्नुभएको कुरामा यरुशलेम मन्दिर र सहरको तुरन्त नाश हुने घट्ना समावेश भएको छ। सन् ७०मा पाश्चात्य मूर्तिपुजक रोमले आफ्नो सेनाहरू पठाएर यरुशलेम सहरमात्र होइन पवित्र मन्दिरलाई पनि पूर्णरूपमा ध्वस्त पारेको थियो।

यद्यपि, यरुशलेमको नाश हुने भविष्यवाणी पूरा हुन गएकोभएतापनि त्यसको अर्को पनि अर्थ छ। जसरी यरुशलेम र त्यस सहरका मानिसहरूको नाश भयो त्यसरी नै अन्तको समयमा यस पृथ्वी र पृथ्वीका मानिसहरूको पनि नाश हुनेछ। "येशूले यरुशलेमलाई संसारका ती मानिसहरूको अन्त हुनेछ जो परमेश्वरप्रति विद्रोही हुन्छन् र उहाँलाई विश्वास गर्न अस्वीकार गर्दछन्। तिनीहरूकै त्यस घृणित मनस्थितिको प्रतिफलले परमेश्वरको न्यायलाई छिटो अघि बढाउँछ।"-एलेन जी ह्वाइट द ग्रेट कन्त्रोभर्सी पृ. २२बाट रूपान्तरित।

दानियल १२:११ र दानियल ११:३१मा उल्लेखित "बिनाशकारी घृणित काम" भन्दा रोम साम्राज्यको अन्तिम समयमा शक्तिशाली राज्यको उदय हुने कुरासँग गाँसिएको छ। त्यो हो पोपतन्त्र। उसले हाम्रो निम्ति ख्रीष्टले मात्र गर्नुभएको काम र स्वर्गको पवित्र स्थानमा बर्तमान समयमा उहाँले हाम्रो निम्ति के गरिरहनुभएको छ सो कुरालाई हस्तक्षेप गर्न आफ्नै तरिकाको मध्यस्थता र मुक्तिको योजनालाई स्थापना गरेका थिए जुन प्रभु येशूको नीतिको बिपरित थियो। परमेश्वरको व्यवस्थालाई अतिक्रमण गर्ने अधिकार पोपले लिएका थिए।

रोमी साम्राज्यको शक्तिको दुई खण्डको ऐतिहासिक पृष्ठभूमिलाई दानियल ८:९-१२ले विशेष गरेर स्पष्ट पर्छ। त्यसमा लेखिएको छः "९ तिनीहरूमध्येबाट अर्को एउटा सिङ आयो, जो सानोबाट शुरूभयो तर दक्षिणतिर र पूर्वतिर र सुन्दर भूमितिर शक्तिशाली हुँदै बढ्दैगयो। १० स्वर्गका सेनाहरूसम्म नपुगुञ्जेल त्यो बढ्दैगयो, र त्यसले केही ताराका दललाई तल पृथ्वीमा खसाल्यो र तीमाथि खुट्टाले कुल्च्यो। ११ त्यसले आफैलाई राजकुमार जत्तिकै महान् तुल्यायो। त्यसले उहाँबाट दैनिक बलिदान खोस्यो, र उहाँको पवित्रस्थान तल झार्‍यो। १२ विद्रोहको कारणले पवित्र जनहरूका सेना र दैनिक बलिदान त्यसलाई सुम्पियो। त्यसले गरेका सबै काममा त्यो सफल भयो, र सत्यलाई भूइँमा फ्याँकियो।" सानो सिङ्गको द्रुतगति रूपमा आफ्नो राज्य फैलाएको रोमको पहिलो खण्ड हो (दानियल ८:९)। त्यो थियो

मूर्तिपुजक वा सनातन परमेश्वरमाथि आस्था नराख्ने बिशाल रोमी तेस्रो साम्राज्य। दोस्रो खण्डमा (दानियल ८:१०-१२) सानो सिङ ठाडो वा सिधा बढेको देखाउँछ। उसले केही ताराहरू खसाल्दछ (अर्थात् परमेश्वरका जनहरूलाई यातना दिन्छ) र स्वर्गको समूहको राजकुमारलाई हाँक दिँदै आफ्नो शक्तिलाई ठूलो रूप दिएर स्थापना गर्दछ (दानियल ८:११)। निःसन्देह, यो रोमनक्याथोलिक धर्मको उच्च गुरू पोपको उदय थियो जुन मूर्तिपुजक रोमी साम्राज्य ढलेपछि रोमबाट नै विश्वको मुख्य धर्मगुरू हुनगएको थियो र अहिले पनि छ। (त्यसैकारण एउटा प्रतीक जुन सानो सिङ त्यही रोमको दुवै राजनैतिक र धार्मिक शक्ति भनेर देखाइएको छ)। दानियल ७:९,१०मा उल्लेख गरिएको न्यायको दृश्य, (९ जसै मैले हेरें, सिंहासनहरू बसालिए, र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। उहाँको सिंहासनमा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो। १० उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो। हजारौं हजारले उहाँको सेवा गर्थे, दश हजार गुणा दश हजार उहाँको सामु उभिएका थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरू खोलिए), दानियल ८:१४ अनुसार पवित्र स्थान पुनःअर्पण वा शुद्ध पारिएको (उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पुनःअर्पण हुनेछ") र मत्ती २४:२९ अनुसार स्वर्ग तथा आकाशमा हुने विभिन्न चिन्हहरू (ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरू हल्लाइनेछन्") आदि सबैले युगको अन्तिम दिनहरूमा परमेश्वरका जनहरूको निम्ति परमेश्वरले गर्नुहुने हस्तक्षेपको सङ्केत वा इसारा गर्दछ।

## ४. दश कन्याहरू

येशूले मत्ती २४मा उहाँको आगमन हुनुभन्दा पहिले यस संसारमा कस्ता कस्ता घट्नाहरू हुनेछन् भनेर सूचना दिइसक्नुभएपछि मत्ती २५मा उहाँको आगमनअघि हामीले कसरी तयार भएर बस्नुपर्छ भनेर सिकाउनुभएको थियो।

मत्ती २५:१-१३ येशूले दश कन्याको बारेमा अर्तीकथा भन्नुभएको थियो। उहाँको आगमन हुनुभन्दा पहिले कसरी तयार भएर बस्नु पर्छ भन्ने कुरा हामी उक्त कथाबाट बुझ्न सक्दछौं | हेर्नुहोस्ः " १ तब स्वर्गको राज्य दश कन्याहरूसँग तुलना गर्न सकिन्छ। तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के। २ तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए। ३ किनकि जब निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ लगेनन्। ४ तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे। ५ दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए। ६ तर मध्यरातमा "हेर दुलहा, उनलाई भेट्न आओ," भन्ने आवाज आयो। ७ तब ती सबै कन्याहरू ब्यूँझे, र आफ्नो-आफ्नो बत्ती ठीकठाक पारे। ८ निर्बुद्धि कन्याहरूले बुद्धिमतीहरूलाई भने, "तिमीहरूको तेलबाट हामीलाई अलिकता देओ, किनभने हाम्रा बत्ती त निभ्न लागे।" ९ तर बुद्धिमतीहरूले यसो भनेर जवाफ दिए, "हामी र तिमीहरू दुवैलाई पुग्ने यथेष्ट तेल छैन होला, बरु पसलेकहाँ जाओ र आफ्नो लागि किन।" १० तिनीहरू किन्न जाँदा दुलहा आइपुगे, र तयार हुनेहरू उनीसँग विवाहको भोजमा भित्र पसे, र ढोका बन्द भयो। ११ पछिबाट ती अरू कन्याहरू आइपुगे र यसो भन्न लागे, "प्रभु, प्रभु, हाम्रा लागि खोलिदिनुहोस्!" १२ तर उनले जवाफ दिएर भने, " साँच्चै, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई चिन्दिनँ।" १३ यसकारण जागा रहो, किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन।"

दश कन्याहरूको बारेमा कथा भन्दा भन्दै येशूले आफ्नो प्रवचन शुरू गर्नुहुन्छ। "कन्या" भन्ने शब्दले समस्त इसाईहरूलाई जनाउँछ अर्थात् आफूलाई क्रिश्चियन हुँ भनेर दावी गर्नेहरू। तिनीहरू शुरूमा येशूकै पक्षमा थिए र शैतानको पक्षमा कोही पनि उभिएका थिएनन्। तिनीहरू परमेश्वरको राज्य सरह भएका थिए (मत्ती २५:१)। तर अन्तमा तिनीहरू सबै जना सुते (मत्ती २५:५)। विश्वासीहरूलाई जागा रहेर बस्नु भनेर येशूले अघि नै सचेत गराउनुभएको थियो(मत्ती २४:४२)। त्यसको अर्थ उहाँको आगमनमा ब्यूँझेर बस्नु पर्छ ताकि उहाँ आउनुभन्दा अघि कोही सुतेर नबसोस्।

ती दशै जनासँग बत्ती वा दियोहरू थिए। दशै जना दुलहालाई भेट्न गएका थिए। त्यसको अर्थ तिनीहरू येशूको आगमनको निम्ति पर्खिरहेका थिए। उहाँको आगमन ढिलो हुँदा सबै जना निन्द्राले लठ्ठ भएर सुत्न पुगे। तर

मध्य रातमा ती सबै जना अचानक ब्यूउझिए। किनकि दुलहा आइरहेका थिए | (मत्ती २५:१-६)।

तर निर्बुद्धी कन्याहरू झसङ्ग भए। किनभने तिनीहरूका बत्ती निभ्न लागेका थिए वा निभेका थिए। त्यसको अर्थ बत्ती पिलपिलाउदो थियो। तिनीहरूसँग केही तेल त थियो तर येशूलाई भेट्ने बेलामा राम्रोसँग बलिरहन प्रसस्त थिएन वा तिनीहरू तयार थिएन। तिनीहरुको खास समस्या के थियो त?

ती पाँच कन्याहरू भनेका ती इसाईहरू हुन् जो येशूको आगमनलाई पर्खेर रहेका त छन् तर तिनीहरू उहाँसँग गहिरो सम्बन्धमा छैनन्। तिनीहरू केवल देखावटी वा अरूको अगाडी इसाई हुँ भनेर मुखले मात्र भन्ने तर तिनीहरूको काम र व्यवहार उहाँको वचन अनुसार नभएका अर्थात् उहाँले औँल्याउनुभएको बाटोमा हिँडिरहेका छैनन्। तिनीहरूसँग केही तेल त थियो। पवित्र आत्माले केही हदमा तिनीहरूको जीवनमा काम गरिरहनु भएको थियो तर तिनीहरूको जीवनमा पवित्र आत्माको बत्ती केवल पिलपिलाउदो थियो। विश्वास गरे पुगिहाल्छ नि अरू केही जान्नु पर्दैन वा केही गर्नु पर्दैन भनेर तिनीहरू ढुक्क भएर बसेका थिए। जान्नुपर्ने भन्दा बेसी जान्न इच्छुक नभएर तिनीहरू त्यत्तिकै बसिरहेका थिए।

"पवित्र आत्माले मानिसहको हृदयमा काम गरिरहेको हुन्छ। उहाँकै इच्छा अनुसार उहाँले ती मानिसको हृदयमा चाहिने नीतिहरू वा स्वभावहरू रोपी रहनुहुन्छ तकि ती मानिसमा नयाँ स्वभाव वा चरित्र होस्। तर निर्बुद्धी समूहका विश्वासीहररु केवल सतही वा देखावटीरुपमा मात्र विश्वास गरेर संतोष मानी बस्ने खालका हुन्छन्। यथार्थमा तिनीहरूलाई परमेश्वरको वारेमा जे थाहा हुनुपर्ने हो सो थाहा हुँदैन्। तिनीहरूले उहाँको स्वभाव, गुण वा चरित्रको वारेमा अध्ययन गरेका हुदैनन् , न त गर्न चासो नै देखाउँछन् (अर्थात् धार्मिकताको निम्ति भोकाएका र तिर्खाएका हुदैनन्)। परमेश्वरसँग भित्रि हृदयदेखि तिनीहरूले सम्बन्ध राखेका हुँदैनन्। त्यसकारण तिनीहरूले उहाँमाथि कसरी भरोसा राख्ने र आफ्नो जीवनलाई अर्थपूर्ण बनाउन उहाँतिर कसरी नजर लगाइ रहने भन्ने कुरामा तिनीहरूलाई ज्ञान हुँदैन। त्यसको फलस्वरुप परमेश्वरको निम्ति तिनीहरूले गर्ने सेवाकार्यमा केवल संस्कार वा देखावटीपनमात्र हुन्छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. ४११बाट रूपान्तरित।

देखावटी रूपमा इसाई हुँ भनेर दावी गर्ने वा चर्चमा गएर आफू इसाई हुँ भनेर चिनारी दिने तर परमेश्वरको वचन र प्रेममा नडुब्ने इसाईहरूले गरे जस्तो भूल हामी नगरौ भन्नाकलागि हामीले के गर्ने? यदि हामी पनि सेभेन्थ-डे एडभेन्टिस्ट हौ, येशूका विश्वासीहरू हौं भनेर दावी मात्र गर्ने तर येशूका नीतिहरूमा नचल्ने खालका छौ भने हामी कसरी परिवर्तन हुने?

## ५. तपाईंसँग भएको प्रतिभाको प्रस्फुटन तथा दक्षता र ज्ञानको प्रयोग हुनुपर्छ

परमेश्वरले हामी सबैलाई हाम्रो क्षमता अनुसार बरदान, दक्षता वा काम गर्ने जिम्मेवारी सुम्पिनुभएको छ। येशूको आगमनको निम्ति तयार भएर हात बाँधेर बस्ने होइन तर आफ्नो खुबी अनुसार काममा लगनशील भएर लाग्नुपर्छ भनेर मत्ती २५:१३-३०ले कसरी सिकाउँदछ? हेर्नुहोस्: "१३ यसकारण जागा रहो, किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन। १४ किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्ना नोकरहरूलाई बोलाई आफ्नो धन-सम्पत्ति तिनीहरूलाई जिम्मा दिए। १५ तिनले हरेकलाई तिनीहरूका आ-आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, अर्कालाई दुई र अर्कालाई एक दिएर तिनी गइहाले। १६ तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाइकन अरू पाँच सिक्का कमायो। १७ त्यसरी नै दुई सिक्का पाउनेले पनि अरू दुई कमायो। १८ तर एक सिक्का पाउनेले चाहिँ गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो। १९ धेरै दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसँग हिसाब मागे। २० तब पाँच सुनका सिक्का पाउने नोकरले अरू पाँच सिक्का ल्याई अगाडि आएर यसो भन्यो, "हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु।" २१ मालिकले त्यसलाई भने, "स्याबास, असल र विश्वासी नोकर! तिमी थोरै कुरामा विश्वासी भयौ, अब म तिमीलाई धेरै कुराको जिम्मा दिनेछु। तिमी आफ्ना मालिकको खुशीमा सहभागी होऊ।" २२ दुई सिक्का पाउनेले पनि आएर भन्यो, "हजूर, तपाईंले मलाई दुई सिक्का दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू दुई सिक्का कमाएको छु।" २३ त्यसका मालिकले त्यसलाई भने, "स्याबास, असल र विश्वासी नोकर, तिमी थोरै कुरामा विश्वासी भयौ, अब म तिमीलाई धेरै कुराको जिम्मा दिनेछु। तिमी आफ्ना मालिकको खुशीमा सहभागी होऊ।" २४ एक सुनको सिक्का पाउनेले पनि आएर भन्यो, "हजूर, नरोपेको

जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाईं कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो। २५ यसैले मलाई डर लाग्यो, र गएर तपाईंको सिक्का मैले माटोमुनि लुकाइराखें। हेर्नुहोस्, यो तपाईंको सिक्का लिनुहोस्।" २६ त्यसका मालिकले त्यसलाई जवाफ दिए, "ए दुष्ट, अल्छे नोकर,नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट बटुल्छु भनेर तिमीले जानेको थियौ भने, २७ तिमीले मेरो धन साहूकहाँ राख्नुपर्नेथियो, र आएर मैले मेरो धन ब्याजसमेत फिर्ता पाउनेथिएँ। २८ यसकारण त्यसबाट यो सिक्का खोस, र जससँग दश सिक्का छ त्यसलाई देओ। २९ किनभने जससँग छ त्यसलाई अरू दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ। तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। ३० त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।"

माथि उल्लेख गरिएको अर्तीकथा र त्यो भन्दा अघिको अर्तीकथाले येशूको दोस्रो आगमनभन्दा पहिले हामी कसरी तयार रहनुपर्छ भनेर चर्चा गरेको पाउँछौं। ती दुवैमा दुई खालका विश्वासी समूहहरूको बारेमा खुलाइएको पाइन्छ| ती हुन् येशूको आगमनको निम्ति तयार भएर बस्ने र उहाँको आगमनको वास्ता नगरी आफ्नै पाराले जीवन बिताइरहने। आत्मिक जीवनलाई वेवास्ता गरेर बस्नेहरूले अनन्त जीवन गुमाउनुपर्नेछ भनेर दुवै अर्तीकथाले छर्लङ्ग पारेको छ।

दश कन्याको अर्तीकथामा उल्लेख गरिएको तेल मानिसमा हुनुपर्ने पवित्र आत्माको प्रतीक हो भने सुनको सिक्काले मानिसमा भएको दक्षता, सीप वा प्रतिभालाई जनाउँदछ। अङ्ग्रेजी भाषामा सुनको सिक्कालाई टालेन्ट भनेर प्रयोग गरिएको छ। टालेन्ट (talent) भन्ने शब्द ग्रीक भाषा टालेन्टा (talanta)बाट आएको हो। त्यसको अर्थ "पवित्र आत्माका विशेष बरदानहरू हुन् र त्यसमा मानिसमा भएका स्वाभाविक र आ-आफ्नै दक्षता, प्रतिभा र सीप आदि पर्दछन्।"-*द एसडिए बाइबल कमेन्टरी,* ठेली ५, ५१०बाट रूपान्तरित।

माथिको अर्तीकथामा भएका सबै नोकरहरूले सुनका सिक्काहरू आफ्ना मालिकबाट पाएका थिए। ती नोकरहरूले पाएका सिक्काहरू आफ्नै नभएर मालिकका थिए भनेर उल्लेख गरिएको छ (मत्ती २५:१४)। तिनीहरूको क्षमता अनुसार ती सिक्काहरू दिइएका थिए र त्यसलाई चलाउने अधिकार पनि तिनीहरूले पाएका थिए (मत्ती २५:१५)। ती उपहार

तिनीहरूको भरोसामा छोडिएको थियो। त्यसको अर्थ ती सिक्काहरूलाई संचित गर्ने अभिभारा ती नोकरहरूलाई दिइएको थियो। ती सिक्काहरूलाई उपयोग गरेर आफ्नो जिम्मेवारी देखाऊन भन्ने मालिकको अपेक्षा थियो। त्यसकारण जब मालिक फर्केर आए तब उनले तिनीहरूसँग तिनीहरूको हिसाब मागेका थिए (मत्ती २५:१९)।

आत्मिक बरदानहरू पवित्र आत्माबाट आउँदछन् (१ कोरन्थी १२:१-११, २८-३१ र एफिसी ४:११)। त्यसको अर्थ मसँग धेरै प्रतिभा, दक्षता, काम गर्ने सीप केहि छैन वा जे छ त्यो केवल सानो वा थोरै छ भन्नेहरुले पनि यो अर्तीकथाबाट शिक्षा लिन सक्नुपर्छ। दिने मानिस नभए कसैले पनि उपहारहरू पाउदैनन्। त्यसकारण ती मानिसहरूले जुन उपहार वा सुनका सिक्काहरू वा काममा लगानी गर्न पैसा पाए ती पवित्र आत्माबाट नै सबभन्दा उत्तम उपहार पाएका थिए।

हामीमा भएका बरदान, प्रतिभा, काम गर्ने शैली, दक्षता आदि ख्रीष्टबाट नै हामीले पाएका हौं। तर त्यसलाई सही तरिकाले चलाउन पवित्र आत्मालाई हामीले कसरी ग्रहण गरेका छौं त्यसमा भर पर्छ र साथै हाम्रो जीवन परमेश्वरमा कतिको अर्पण गरेका छौं त्यसमा पनि हामीमा भएका बरदानहरूको उपदेयता भरपर्छ। एक जना नोकरले एउटामात्र सुनको सिक्का पाएको थियो (अहिलेको मोलमा त्यो एक सिक्काको भाऊ सय डलर वा कमसेकम दस हजार रुपैयाँ हो)।त्यो पैसालाई उपयोग नगर्दा त्यो नोकर बेकारको मानिस हुन पुग्यो र त्यो उसको निम्ति ठूलो भूल साबित भयो। उसलाई उसको क्षमता अनुसार उपहार त दिइएको थियो तर उसले त्यसलाई चलाएन। आफूमा भएको उपहारलाई उसले लगानी गरेन र बढ्न दिएन। मालिकको अनुग्रहले पाएको त्यो उपहारलाई चलाउन अलिकति पनि उसले कोसिस गरेन। कतिपय मानिसहरू काम केही छैन भनेर त्यतिकै बसे जस्तै, उसले पनि आफ्नो खुबी अनुसार आफूले पाएको पैसा केही नगरी त्यसै हात बाँधेर बस्यो। त्यस्ता मानिसहरू चाहे इसाई नै किन नहुन् येशूले "अल्छि" र "दुष्ट" भनेर तिनै मानिसहरुलाई सम्बोधन गर्नु भएको हो भनेर बुझ्नु पनि उत्तिकै जरुरी देखिन्छ|(मत्ती २५:२६)।

**अन्तिम समयहरू र उहाँको आगमनको सन्दर्भमा येशूले त्यो सुनको सिक्काको अर्तीकथा भन्नुभएको थियो। हामीमा भएका दक्षता, खुबी, प्रतिभा**

**आदिलाई पनि अन्तिम दिनहरूमा उहाँको आगमन कहिले हुनेछ भनेर थाहा नभएपनि कसरी प्रयोग गरेर तयार भएर बस्ने?**

## उपसंहारः

**थप जानकारीः** "जुन मानिसले आफ्नो मालिकको एकमात्र सुनको सिक्का पायो त्यसले खाल्डो खनेर भुईंमा लुकाएर राख्यो। आफूसँग भएको सबभन्दा सानो बरदान वा प्रतिभालाई बढाउन उसले अलिकति पनि प्रयास गरेन। यो कथालाई प्रत्येक विश्वासीले चेतावनीको रुपमा लिनुपर्छ। अरू मानिसहरु कति धनी छन्, वा दक्ष छन् वा रोजगार छन्, मेरो त केही पनि छैन वा थोरैमात्र छ भन्ने मनस्थिति बोकेका विश्वासीहरूले ख्रीष्टको सेवाको निम्ति केही नगरी बस्नु नसुहाउने कुरा हो। सानो- ठूलो, उच-निच भनेर आफूलाई कमजोर र निष्क्रिय बनाउनु विश्वासीहरुको ठूलो भूल हो। जब परमेश्वरले मानिसहरूलाई बरदानहरू दिनुहुन्छ तब उहाँले मानिसको चरित्र वा स्वभावलाई जाँचेर दिनुहुन्छ। जुन मानिस आफूसँग थोरै छ, वा सानो दक्षता वा प्रतिभा छ भनेर त्यसलाई वेवास्ता गरेर बस्छ भने त्यो मानिस बेकारको वा कमजोर नै बन्न सक्छ। त्यस्तो मानिसले पाँचै सुनको सिक्का पाएपनि उसले लुकाएर राख्छ जसरी एउटालाई मटोमुनि लुकाएको थियो। उसले पाएको दक्षता, सानै काम किन नहोस् वा प्रतिभालाई प्रयोग नगरी दुरुपयोग गर्यो भने उसले स्वर्गबाट पाएको बरदानलाई हेला गरेको ठहरिन्छ। येशूले भन्नुभयो "जो थोरै कुरामा विश्वासिलो हुन्छ त्यो धेरैमा पनि विश्वासिलो वा भरपर्दो हुन्छ" लूका १६:१०। सानो झिनो भनेर कतिपय मानिसहरूले स-साना कुराहरूलाई अबमूल्यन गरेका हुन्छन्। तर मानिसको जीवनमा खास चाहिने चरित्र, स्वभाव वा अनुशासन त्यही सानो र मसिनो कुराहरूले सजिएको हुन्छ। स-साना कुराहरू महत्त्वका छैनन् भनेर वेवास्ता गरियो भने हाम्रो चरित्र निर्माणमा धेरै सङ्कट वा जोखिम आइपर्नेछ।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. ३५५,३५६बाट रूपान्तरित।

## चिन्तनमनन्:

**अ. कतिपय मानिसहरू अनेकौं दर्शन, राजनैतिक वाद वा आदर्शका कुरा गर्छन्। तिनीहरू भन्दछन् कि यस पृथ्वीलाई आदर्श बनाउने तरिकाहरू हामीसँग छन्। ती केही बाद वा**

तर्कहरू के के हुन् जो प्रायजसो सबै असफल भएको प्रमाणित भएका छन्?

आ. परमेश्वरका वचनहरू पालन गर्दा हाम्रो विश्वास र निष्ठा अटल किन हुन्छ? काम बिनाको विश्वास मूर्दा विश्वास हो भनेर याकूबले किन भन्छन् (याकूब २:२६)? येशूलाई विश्वास गर्ने र दश आज्ञा पालन गर्नेहरूलाई अनेकौं विपतहरू आउँछन् भनेर थाहा पाइरहदा सानो ठूलो जे परिआएपनि सामना गर्न तयार हुन किन जरुरी छ?

इ. दश कन्याको बारेमा अझ सोच्नुहोस्। कतिपय इसाईहरू देखावटी रूपमा इसाई हुँ भन्छन् (जय मसीह नभनी जय मसी पनि भन्ने आँट गर्छन्), तिनीहरू इसाईले जस्तै काम गर्छन् र देखाउँछन् पनि तर उक्त दश कन्याको उखानलाई एक चेतावनीको रूपमा हामीले कसरी लिनुपर्छ? हामी पनि मूर्ख कन्याहरू जस्तै आफूले आफैलाई धोका नदिने खालका भएर कसरी बस्ने?

ई. चुनिएकाहरूलाई पनि धोका दिन कोसिस गर्नेछ भन्नुको अर्थ के हो? तिनीहरूलाई पनि कसरी धोका दिन सक्छ र? चुनिएकाहरू भन्नुको अर्थ के हो वा कसलाई सम्बोधन गरिएको छ ? (मत्ती २४:३१, रोमी ८:३३, कलस्सी ३:१२) शैतानले ल्याउने अनेकौं ठूला-ठूला छल वा धोकापूर्ण चालबाजीको बारेमा "चुनिएकाहरूलाई पनि धरापमा पार्नेछन्" भन्ने पदरुले कसरी व्याख्या गर्छ?

## कथा-७

## मरेको व्यक्तिसँग कुरा गर्नु

**किम हारिन्गटन, ४५**

**अलबर्ट क्यानाडा**

"गए रति बाजेसँग कुरा गरे" भनेर एक जना १७ वर्षकी केटीले हाइस्कूलको सिक्षक किम हारिन्गटनलाई सुनाएकी थिइन्। शेली नाउँ गरेकी ती छात्राले आफ्नो बाजेसँग घरको बरन्डामा बसेर उनको भविष्यको बारेमा चर्चा गरेकी थिइन्। तिनीहरू क्यानाडाको अलबर्टा राज्यमा स्थानीय बासिन्दाहरूको निम्ति आरक्षित प्रान्त फर्स्ट नेशनमा रहन्थे।

शेलीले उनको बाजे धेरै वर्ष अघि मरेका थिए भनेर सुनाइन्। "जब कि मरेसकेका बाजेसँग "गए राति बाजेसँग कुरा गरेको थिएँ" भनेर शेलीले भन्दा मेरा शरीरका रौंहरू ठाडा-ठाडा भएका थिए। मलाई लग्यो कि तिनी दुष्ट आत्मासँग कुरा गर्दै थिइन्।

किम अल्बर्टाको मामावी आटोस्केटन एडभेन्टिस्ट स्कुलमा विज्ञान र हिसाबको शिक्षिका थिइन्। त्यहाँका धेरै जसो बासिन्दाहरू परम्परागत धर्मालम्बीहारू थिए। तिनीहरूको धर्ममा मरेका मानिसहरूसँग कुरा गर्ने र उनीहरूलाई सम्मान गर्ने चलन थियो। स्कूलका २०० जति विद्यार्थीहरूले पहिलो पटक येशूको बारेमा त्यस स्कूलमा सिक्दै थिए।

प्रेतसँग कुरा गरेको विषयमा शेलीले उनको शिक्षकलाई धेरै पल्ट सुनाएकी थिइन्। पाव-पाव, अर्थात् स्थानीय पर्वपछि एक जना आदि मानिस र आदि घोडा काल्पनिक रूप आफ्नो गाउँको घर घरमा उफ्रेको उनले देखेकी थिइन् रे मरेका पूर्खाहरूले घरको अगाडिको रूखमा बसेर आफूसँग कुरा गरेको पनि उनले धेरै पल्ट सुनाएकी थिइन्।

"रूखमुनि चुपचाप लागेर बस्दा पनि धेरै आवाजहरू उनले सुनिन् रे जुन उनका मरेका बाजे बराजुहरूको आवाज थिए भनेर उनले सोचेकी थिइन्" किमले भने। बाजेको रूप लिएर आएको प्रेतसँग कमसेकम दुई पल्ट उनले बोलेकी थिइन रे। "बरन्डामा आफ्नो बाजेसँग तिनले आफ्नो भावी योजनाको बारेमा छलफल गरेको सुनाइन्। त्यो आत्माले उनलाई नराम्रो कुरा त केही भनेन। खोलामा गएर हाम फाल त भनेन। जब तिनीहरू कुरा गर्दथे त्यसबेला उनलाई रमाइलो लाग्थ्यो रे। आफ्नो बाजेसँग कुरा गर्न उनलाई रमाइलो

लागिरहेको थियो" किमले भनिन्। मरेकाहरूसँग गरिएको कुराको बारेमा सुन्दा किमलाई असजिलो लागिरहेको थियो र मनमनै प्रार्थना गरेर उनले शेलीलाई सोधिन् "तिमी त हाइस्कूलमा छ्यौ। एडभेन्टिस्टले के सिकाउँछन्, त्यो तिमीलाई थाहा छ। त्यो बोल्ने को हो मलाई भन। के त्यो तिम्रो बाजे नै हो त? तिमीसँग कुरा गर्न कुन आत्माले त्यसलाई पठायो?" दुष्ट आत्माहरू परिचित मानिस भएर आउँछ भनेर बाइबलले सिकाएको कुरा उनलाई थाहा थियो र मरेकाहरू सुते सरहका हुन्छन् र केही थाहा हुँदैन भनेर पनि उनलाई थाहा थियो। "हो मैले थाहा पाइसकें तपाईंले के भन्न खोज्नुभएको मिस" हारिङ्गटनसँग शेलीले भनिन्। अनि किमले शेलीसँग प्रार्थना गरिन्।

"शेली अलमल परेकी थिइन्। मरेको मानिससँग कुरा गर्दा उनलाई रमाइलो नै भइरहेको थियो।उनको मनमा धेरै प्रश्नहरू पनि उब्जिरहेका थिए तरपनि प्रार्थनाप्रति भने उनी आभारी थिइन्। प्रेतात्मासँग कुरा गर्ने विषयमा चर्चा गर्दा प्रार्थना नै सबै किसिमका समस्याहरुको समाधानको उपाए थियो" किमले भनिन्।

आफ्नो जीवनमा मरेका आत्माहरुले ठाउँ पाएको विषयमा सोच्न थालिन्। केही समयपछि आफूसँग बज्यै कुरा गर्न आएको भनेर किमलाई भनिन्। उनले बज्यैको शरीर त देखिनन् तर उनको आवाज सुनेको जस्तो उनलाई लागेको थियो। आफ्नो बज्यै मरेकोमा उनलाई नियास्रो लागेको थियो। त्यसकारण उनले एक छिन त सुनिन्। अनि किमसँग कुरा गरेको उनले सम्झिन्। आखिरमा त्यो आवाजलाई उनले हप्काइन् "यदि तँ दुष्ट आत्मा होस् भने मबाट निस्केर जा। अनि स्कूलमा सिकेका ख्रीष्टियन गीत गाउन थालिन् त्यतिकैमा त्यो आवाज बिलाएर गयो। शेलीको विश्वास ठीक ठाउँमा रहोस् भनेर किमले प्रार्थना गरिदिन्छिन्।

"मैले उनलाई भने कि उनको जीवन सधैं परमेश्वरको बशमा हुन्छ। उनलाई जे भएपनि उनलाई परमेश्वरले छोड्नुहुन्न। आफ्नो भविष्यको निम्ति उनले आफ्नो बाजेसँग सल्लाह माग्दै थिइन्। तर अहिले थाहा नपाएतापनि परमेश्वरसँग उनकोनिम्ति योजना छ भनेर मैले उनलाई बताइदिएँ" किमले भनिन्।

यर्मिया २९:११मा रहेको परमेश्वरको योजनाको बारेमा किमले शेलीलाई पढेर सुनाइन्। "तिम्रो लागि मसँग योजना छ। तिम्रो उन्नति हुने र

तिमीलाई हानी नहुने योजना तिम्रो लागि छ। तिमीलाई आशा दिन र भविष्यको निम्ति तिमीलाई के गर्ने हो सो मलाई थाहा छ।" (रूपान्तरित)।

आफ्ना विद्यार्थीहरू कुनै दुष्ट आत्माको होइन तर परमेश्वरको हातमा होऊन् भन्ने चाहना किमले राखेकी थिइन्। उनको अफिसमा एउटा छुट्टै मेच राखिएको छ जसमा लेखिएको छ, "यो मेच परमेश्वरको बालबालिकाहरुको निम्ति हो।" "बालबालिका तथा किशोर किशोरीहरू परमेश्वरका निम्ति विशेष हुन् र उहाँले माया गर्नुहुन्छ भन्ने कुरा म थाहा पाएको चाहन्छु" किमले भनिन्। यो त्रैमासिक भेटीको केही भाग हिसाब र विज्ञानको कोठा बढाउन सहयोग मिल्नेछ ताकि अरू धेरै बालबालिकाहरू येशूको बारेमा थाहा पाउन भर्ना होऊन्।

*-शेलीको नाउँ अर्कै हो। आन्द्रु मेकचेसनी*

**क्यानाडाको बारेमा थप जानकारीः**

अ) क्यानाडाको अलबर्टा कन्फरेन्समा ११,६६६ सेभेन्थ-डे एडभेन्टिस्टहरू छन् र त्यहाँ ६७वटा चर्चहरू छन्।

आ) दुई जना किताब बेच्नेहरूले सन् १८९५को मे महिनामा अल्बर्टामा सेभेन्थ-डे एडभेन्टिस्ट शिक्षा भित्राइएका थिए। ती दुई पुस्तक बेच्नेहरूको नाउँ थोमस आसलफोर्ड र जर्ज डब्ल्यु साउलर हो।

इ) अलबर्टाको सबभन्दा पहिलो पास्टर हेनरी ब्लक हुन्। उनी सन् १८९९को अक्टोबर महिनामा लुड्यो भन्ने प्रान्तमा जर्मन इसाईहरूलाई अगुवाई गर्न आएका थिए।

ई) सन् १९०२ र १९०३मा अल्बर्टामा सेभेन्थ-डे एडभेन्टिस्टहरू अरुबाट सताएका थिए। वेटास्किविनको जे आइ हामरेनलाई आइतबार बारीमा काम गरे बापत दुई डलर जरिमाना तिर्नुपरेको थियो। तर किसानहरूलाई त्यो दिन खेतमा काम गर्न छुट थियो। हाम्रनले आफूले जरिमाना तिर्नुपरेको कारणले मुद्दा दर्ता गरे। त्यो मुद्दा उनले जितेका थिए। पछि फलामको ज्यावल बनाउने गाबनुसलाई आइतवार पसल खोलेकोमा १०.७० डलर जरिमाना तिर्नुपरेको थियो।